# बर्दघाट नगरपालिका

नवलपरासी जिल्ला,
लुम्बिनी प्रदेश, नेपाल

## स्थानीय राजपत्र



| खण्ड १ | अंक: २ | जेष्ठ, १९ गते २०८० साल | (संख्या: ०९) |
|---|---|---|---|



### भाग-२

**नगर कार्यपालिकाको मिति: २०८०/०२/०५ मा स्वीकृत भएको देहाय वमोजिमको कार्यविधि स्थानीय सरकार संचालन ऐन, २०७४ वमोजिम सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ ।**

### "बर्दघाट नगरपालिकामा शिक्षक तथा विद्यालय कर्मचारी छनौटको कार्यविधि २०८०"

**प्रस्तावना:** नेपालको संविधान २०७२ को अनुसूची ८ ले स्थानीय तहलाई माध्यमिक तहसम्मको शिक्षाको व्यवस्थापन गर्ने अधिकार प्रदान गरेको व्यवस्थाअनुरूप नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा रिक्त हुने सङ्घीय, प्रदेश र स्थानीय तहबाट प्रदान गरिने अनुदानबाट सेवासुविधा लिने सबै प्रकारका शिक्षक तथा कर्मचारी पदहरूमा शिक्षक तथा कर्मचारी छनौट पद्धतिलाई पारदर्शी, निष्पक्ष र व्यवस्थित बनाई सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर अभिवृद्धि गर्न वाञ्छनीय भएकाले,

बर्दघाट नगरपालिकाको नगर शिक्षा ऐन, २०७७ को (पहिलो संशोधन, २०७९) को दफा ४३ को उपदफा (५) र दफा ५७ (ष) ले दिएको अधिकार प्रयोग गरी बर्दघाटनगर कार्यपालिकाबाट देहायको कार्यविधि स्वीकृत गरी लागु गरेको छ ।

## परिच्छेद १

## प्रारम्भिक

### १.१ सङ्क्षिप्त नाम र प्रारम्भ

(क) यो कार्यविधिको नाम **"बर्दघाट नगरपालिकामा शिक्षक तथा विद्यालय कर्मचारी छनौटको कार्यविधि २०८०"** रहेको छ ।

(ख) यो कार्यविधि बर्दघाट नगरकार्यपालिकाको राजपत्रमा प्रकाशित मितिदेखि लागु हुने छ ।

**१.२ अर्थ र परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) **"कार्यालय"** भन्नाले बर्दघाट नगरकार्यपालिकाको कार्यालयलाई जनाउँछ ।

(ख) **"इकाइ"** भन्नाले शिक्षा विकास तथा समन्वय इकाइलाई जनाउँछ ।

(ग) **"नगर प्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाका प्रमुखलाई जनाउँछ ।

(घ) **"नगर उपप्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाका उपप्रमुखलाई जनाउँछ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले बर्दघाट नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ ।

(च) **"संयोजक"** भन्नाले सामाजिक विकास समितिको संयोजकलाई सम्झनुपर्छ ।

(छ)**"शाखा प्रमुख"** भन्नाले बर्दघाट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखलाई जनाउँछ ।

(ज) **"शिक्षा शाखा"** भन्नाले बर्दघाट नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखालाई जनाउँछ ।

(झ) **"वि.व्य.स."** भन्नाले सामुदायिक विद्यालयमा गठन भएको विद्यालय व्यवस्थापन समितिलाई जनाउँछ ।

(ञ) **"छनौट समिति"** भन्नाले विद्यालयमा रिक्त रहेको दरबन्दी, राहत दरवन्दी, शिक्षक अनुदान कोटा तथा सङ्घीय अनुदान करारमा नियुक्त हुने शिक्षक, प्रशिक्षक तथा सहायक प्रशिक्षक, बर्दघाट नगरपालिकाको

अनुदानमा नियुक्त हुने शिक्षकका साथै विद्यालय कर्मचारी, बालविकास सहजकर्ता र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताको छनौटको परीक्षा सञ्चालन तथा नियुक्तिको सिफारिस गर्ने प्रयोजनका लागि यस कार्यविधिको परिच्छेद २, दफा २.२ को खण्ड (क)बमोजिम गठन भएको समितिलाई जनाउँछ ।

(ट) "**विषयविज्ञ**" भन्नाले सामुदायिक विद्यालयमा करारमा शिक्षक, कर्मचारी र बालविकास सहजकर्ता छनौटका लागि विषयविज्ञका रूपमा सूचीकृत शिक्षकहरूलाई जनाउँछ ।

(ठ) "**शिक्षा ऐन**" भन्नाले शिक्षा ऐन २०२८ (संशोधनसहित) लाई जनाउँछ ।

(ड) "**शिक्षा नियमावली**" भन्नाले शिक्षा नियमावली, २०५९ (संशोधनसहित) लाई जनाउँछ ।

(ढ) "**नगर शिक्षा ऐन**" भन्नाले बर्दघाटनगरपालिकाको नगर शिक्षा ऐन, २०७७ (पहिलो संशोधन २०७९ सहित) लाई जनाउँछ ।

(ण) "**आयोग**" भन्नाले शिक्षक सेवा आयोगलाई जनाउँछ ।

(त) "**शिक्षक सेवा आयोग नियमावली**" भन्नाले शिक्षक सेवा आयोग नियमावली २०५६ (संशोधनसहित) लाई जनाउँछ ।

(थ) "**कार्यपालिका**" भन्नाले बर्दघाटनगरपालिकाको कार्यपालिकालाई जनाउँछ ।

(द) "**नगर शिक्षक** र **स्वयंसेवी शिक्षक**" भन्नाले बर्दघाटनगरपालिकाको अनुदानमा नियुक्त हुने शिक्षकलाई जनाउँछ ।

(ध) "**विद्यालय**" भन्नाले बर्दघाटनगरपालिकाका सामुदायिक तथा संस्थागत विद्यालय जनाउने छ ।

## परिच्छेदः २

## पदपूर्ति र छनौट प्रक्रियाः

### २.१ अनुमतिः

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको स्वीकृत दरबन्दी तथा शिक्षक अनुदान कोटा, साविक उच्च मा.वि अनुदान, नगर अनुदानलगायत सबै प्रकारका सङ्घीय अनुदानमा करारमा शिक्षक तथा विद्यालय कर्मचारी नियुक्त गर्नुपर्ने अवस्थामा विद्यालयले उमेरको हदबाट अनिवार्य अवकाशका कारणले गर्दा रिक्त हुने पदमा अवकाश हुने मितिको ३० दिन अगावै र अन्य कारणले रिक्त हुने दरबन्दीको हकमा रिक्त भएको सात दिन अगावै

विज्ञापन गर्न अनुमतिको लागि विद्यालय व्यवस्थापन समितिको निर्णयसहितको पत्र नगर शिक्षा शाखामा पेस गर्नुपर्ने छ । उक्त पत्रउपर अध्ययन गरी विद्यमान ऐन, नियम र शिक्षा नियमावलीको अनुसूची १२ को व्यवस्थाबमोजिम विषयसमेत हेरी विज्ञापन गर्न अनुमति दिने छ ।

(ख) पदपुर्तिको अनुमति प्राप्त भएपछि विद्यालयले अनुमति प्राप्त भएको मितिले सात दिनभित्र १५ दिनको समयावधि तोकी विज्ञापनको सूचना प्रकाशन गर्नुपर्ने छ ।

(ग) खण्ड (ख) बमोजिमको सूचना सम्बन्धित विद्यालय, सम्बन्धित वडा कार्यालय र नगरपालिकाको सूचना पाटिमा टाँस गर्नुका साथै कम्तिमा कुनै एक पत्रिकामा प्रकाशन गर्नुका साथै सूचनाको एकप्रति नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा बुझाउनु पर्नेछ । पत्रिकामा विज्ञापन प्रकाशन भएको मितिलाई नै विज्ञापनको मिति मानिने छ ।

(घ) विज्ञापन गर्दा आयोगले प्रकाशन गरेको करार योग्यताक्रम सूचीका उम्मेद्वारबाट पदपूर्ति हुन सक्ने पदहरूमा उनीहरूले आवेदन दिन सक्ने र यसरी आवेदन दिएमा करार योग्यताक्रम सूचीमध्ये माथिल्लो योग्यताक्रमको उम्मेद्वारलाई नियुक्तिको लागि सिफारिस गर्ने व्यवस्थासमेत खुलाई विज्ञापन गर्नुपर्ने छ ।

(ङ) सम्पर्क मितिले सात दिनभित्र शिक्षक छनौट गरी सक्नु पर्ने छ । सम्पर्क मितिमै परीक्षाको मिति तोक्ने गरी विद्यालयले विद्यालय व्यवस्थापन समितिको निर्णयसहित शिक्षक छनौटको लागि परीक्षा लिईदिन अनुरोध गरी नगर शिक्षा शाखामा पत्राचार गर्नुपर्ने छ ।

(च) शिक्षक पदका उमेद्वारको योग्यता र अयोग्यता सम्बन्धमा शिक्षक सेवा आयोग नियमावली, २०५७ (संशोधनसहित)ले व्यवस्था गरेबमोजिम हुने छ ।

### २.२ शिक्षक छनौट समितिसम्बन्धी व्यवस्थाः

(क) सामुदायिक विद्यालयमा रिक्त रहेको करार दरबन्दी, राहत, सङ्घीय अनुदान, विद्यालय कर्मचारी, बालविकास शिक्षक तथा साविक उच्च माध्यमिक तह र नगर अनुदान कोटाका पदहरूमा करार सेवा पदपूर्तिका लागि हरेक विद्यालयमा देहायबमोजिम शिक्षक छनौट समिति हुने छ ।

संयोजकः विद्यालय व्यवस्थापन समिति अध्यक्ष

सदस्य : शिक्षा शाखा प्रमुख वा निजले तोकेको सम्बन्धित शाखाको अधिकृत

सदस्य : विषय विज्ञ दुईजना

सदस्य सचिव : प्रधानाध्यापक

**२.३ परीक्षा केन्द्रसम्बन्धी व्यवस्थाः**

(क) यस कार्यविधि बमोजिम सञ्चालन हुने सबै प्रकारको जनशक्ति छनौटको परीक्षा केन्द्र बर्दघाट नगरकार्यपालिकाको कार्यालयमा वा शिक्षा शाखाले तोकेबमोजिम रहने छ।

(ख) परीक्षा केन्द्रको केन्द्राध्यक्ष र निरीक्षक शिक्षा शाखाले तोकेबमोजिम हुने छ ।

(ग) परीक्षा हलभित्र केन्द्राध्यक्ष, निरीक्षक र यस कार्यविधिको परिच्छेद ४, दफा ४.१ बमोजिम तोकिएका पदाधिकारीहरूबाहेक अन्य व्यक्तिहरू अनुमतिविना प्रवेश गर्न पाउने छैनन् ।

(घ) दुई वा दुईभन्दा बढी विद्यालयहरूले गरेको विज्ञापनमा तह र विषय मिल्न गएमा त्यस्ता विद्यालयहरूको परीक्षा एकै दिन गरिने छ ।

(ङ) खण्ड (घ) अनुसार सञ्चालित परीक्षालाई एक अवधि मानिने छ ।

**२.४ पाठ्यक्रमसम्बन्धी व्यवस्था :**

(क) शिक्षक पदमा नियुक्तिको लागि सञ्चालन गरिने परीक्षाको पाठ्यक्रम र परीक्षा पद्धति शिक्षक सेवा आयोगले निर्धारण गरेबमोजिम हुने छ ।

(ख) विद्यालय कर्मचारी, बालविकास सहजकर्ताको परीक्षाको पाठ्यक्रम नगरपालिकाले निर्धारण गरेबमोजिम हुने छ ।

## परिच्छेदः ३

## विषयविज्ञ छनौट तथा प्रश्नपत्र निर्माणसम्बन्धी व्यवस्थाः

**३.१ विषयविज्ञ छनौटसम्बन्धी व्यवस्थाः**

(क) सामुदायिक विद्यालयमा आधारभूत तह र माध्यमिक तहमा सङ्घीय अनुदान तथा नगरपालिकाको अनुदानमा करारमा नियुक्त हुने शिक्षक छनौट गर्ने प्रयोजनको लागि शिक्षक छनौट सम्वन्धमा परीक्षा सञ्चालन गर्न शिक्षा विकास समन्वय इकाइ, नवलपरासी (ब.सु.प.) मा सुचीकृत वा बर्दघाट नगरपालिकामा सूचीकृत विषयविज्ञ वा छिमेकी पालिकामा सूचीकृत विषयविज्ञ नामावली सङ्कलन गरी तयार गरेको सूचीसमेतलाई जनाउँछ । कक्षा ११ र १२ मा त्रिभुवन विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसहरूमा

कार्यरत प्राध्यापक/उपप्राध्यापक/सहायक प्राध्यापकहरूमध्येबाट नगर प्रमुखको परामर्शमा शिक्षा प्रमुखले आमन्त्रण गरी विज्ञको रूपमा काममा लगाउन सकिने छ ।

(ख)परीक्षा सञ्चालन गर्नका लागि विद्यालयले दफा ३.१ (क) बमोजिम विषय विज्ञ छनौट गरी दिनुहुन भनी वि.व्य.स. को निर्णयसहित विद्यालयले नगर प्रमुखसमक्ष अनुरोध गरेअनुसार नगर शिक्षा समितिका प्रमुखको परामर्शमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले दुईजना विषयविज्ञ छनौट गर्ने छ ।

(ग) सामुदायिक सिकाइ केन्द्रका परिचालिका, बालविकास सहजकर्ता र विद्यालय कर्मचारी छनौटको विषयविज्ञ छनौट गरी दिनुहुन भनी सम्बन्धित विद्यालय वा संस्थाले वि.व्य.स. को निर्णयसहित नगर प्रमुखसमक्ष अनुरोध गरेअनुसार नगर शिक्षा समितिका प्रमुखको परामर्शमा शिक्षा, युवा तथा खेलकुद शाखा प्रमुखले एकजना विषयविज्ञ छनौट गर्ने छ।

(घ) जुन विद्यालय वा संस्थाका लागि विज्ञापन गरिएको हो सोही विद्यालयमा कार्यरत शिक्षक/कर्मचारी विषय विज्ञको रूपमा छनौट गरिने छैन ।

(ङ) परीक्षा सञ्चालनका लागि शिक्षा शाखाका कर्मचारीलाई शिक्षा शाखा प्रमुखले आवश्यकताअनुसार काममा खटाउन सक्ने छ ।

**३.२ प्रश्नपत्र निर्माणसम्बन्धी व्यवस्थाः**

शिक्षक छनौट परीक्षालाई व्यवस्थित गर्नका लागि तोकिएका विषयविज्ञहरूले प्रश्नपत्र र उत्तरकुञ्जिका निर्माण गर्ने छन् । प्रश्नपत्रको वैधता, गोपनीयता, विश्वासनियताप्रति सम्बन्धित विषयविज्ञ नै पूर्ण रूपमा जिम्मेवार, उत्तरदायी र जवाफदेही हुने छ । विषयविज्ञबाहेक प्रश्नपत्र हेर्ने, प्रश्नपत्रको मोडरेसन गर्ने कार्यमा संलग्न व्यक्ति पनि गोपनियताप्रति जवाफदेही हुने छ ।

(क) विषयविज्ञहरूले तोकिएको पाठ्यक्रम र विशिष्टीकरण तालिकाअनुसार परीक्षा समितिमा रहने शिक्षा शाखाका प्रमुख वा निजले तोकेको अधिकृत कर्मचारीको रोहबरमा शाखाबाटै उपलब्ध सामग्री प्रयोग गरी प्रश्नपत्र तयार गर्नुपर्ने छ ।

(ख) शिक्षा शाखाले आवश्यकताअनुसार विषयगत र वस्तुगत परीक्षाको प्रश्न तथा उत्तरहरूको क्रम हेरफेर गरी अलगअलग सेट तयार गर्न सक्ने छ ।

(ग) प्रश्नपत्र निर्माण पूर्व विषयविज्ञहरू तथा परीक्षामा संलग्न व्यक्तिहरूको साथमा रहेको मोबाइल वा अन्य डिजिटल सामग्रीहरू बन्द गरी शिक्षा शाखा प्रमुखले तोकेको ठाउँमा राख्नुपर्ने छ । विषयविज्ञहरू परीक्षा प्रक्रिया पूरा नहुँदासम्म शिक्षा शाखा प्रमुखको अनुमतिविना अन्य कसैसँग भेटघाट र सम्पर्क गर्न पाउने छैनन् ।

(घ) शिक्षा शाखा प्रमुख वा कर्मचारीहरूले प्रक्रियागत रूपमा मात्र सहजीकरण गर्ने छन् ।

**३.३ उत्तरपुस्तिका परीक्षण तथा सिफारिससम्बन्धी व्यवस्था :**

(क) परीक्षार्थीहरूको रोल नम्बर कायम गर्ने तथा उत्तरपुस्तिका कोडिङ गर्ने तथा सोसम्बन्धी गोपनियता कायम गर्ने जिम्मेवारी शिक्षा शाखा प्रमुख वा निजले तोकेको शिक्षा शाखाको अधिकृत कर्मचारीको हुने छ ।

(ख) पहिलो चरणको लिखित परीक्षाको प्राप्ताङ्कको जानकारी कोडिङ गर्ने सदस्यबाहेक अरूले थाहा नपाउने गरी गोपनियता कायम गर्ने दायित्व परीक्षा समितिको हुने छ । अन्तर्वार्ताको मूल्याङ्कनपछि मात्र सबै सदस्यहरूले प्राप्ताङ्क हेर्न पाउने गरी डिकोड गरी अन्तिम नतिजा प्रकाशन गर्नुपर्ने छ ।

(ग) सबै चरणको परीक्षामा प्राप्त अङ्कको आधारमा सबैभन्दा बढी अङ्क ल्याउने परीक्षार्थीलाई योग्यताक्रम अनुसार छनौट हुन सफल उमेदवार र वैकल्पिक उमेदवारको रूपमा सिफारिस गरिने छ ।

(घ) छनौट हुन सफल उमेदवार सिफारिस गरिएको मितिले सात दिनभित्र विद्यालयमा हाजिर हुन जानुपर्ने छ ।

(ङ) सफल उमेदवारलाई नियमानुसार हाजिर गराउनुपर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको हुने छ ।

(च) परीक्षापश्चात् सम्बन्धित सम्पूर्ण कागजातहरु खामबन्दी गरी लाहाछाप लगाई सुरक्षित राख्ने दायित्व विद्यालयको हुने छ ।

(छ) नतिजा प्रकाशन भएको मितिले एक वर्षभित्र विज्ञापित पद रिक्त हुन आएमा नगर शिक्षा शाखाको पूर्व स्वीकृति लिई वैकल्पिक उमेद्वारलाई विद्यालय व्यवस्थापन समितिले करारमा नियुक्त गर्नुपर्ने छ।

(ज) छनौट कार्यमा खटिने कर्मचारी, पदाधिकारी र विषयविज्ञले निम्नअनुसार नबढ्ने गरी नगरपालिकबाट परिश्रमिक तथा यातायात खर्च पाउने छन्।

- परीक्षा सञ्चालन अवधिभर कार्य गरेवापत परीक्षा समितिका संयोजक, प्रधानाध्यपक, शिक्षा शाखा प्रमुख र परीक्षमा खटिने कर्मचारीलाई एक विषय वा दुवै पत्रको परीक्षाबापत एकमुष्ठ जनही रु. ३२००/- अक्षरेपि तीन हजार दुई सयका दरले रकम उपलब्ध गराइने छ ।
- परीक्षा सञ्चालन अवधिभर कार्य गरेवापत दुईजना विषय विशेषज्ञलाई रु. ४०००/- अक्षरेपि चार हजारका दरले रकम उपलब्ध गराउन सकिने छ ।
- कक्षा ११ र १२ को अनुदान दरवन्दी शिक्षक र प्राविधिकधार शिक्षकको छनौट गर्ने प्रयोजनका लागि आमन्त्रण गर्नुपर्ने उपप्रध्यापक, सहप्रध्यापक, प्रध्यापकहरुलाई प्रदान गरिने पारिश्रमिक तथा यातायात खर्च अधिकतम रु. आठ हजारसम्म हुने छ।
- प्रश्नपत्र निर्माण तथा मोडरेसन निर्माणकर्ता प्रतिसेट रु. १,०००/-, मोडरेटर प्रतिसेट रु. १,०००/-
- यातायात खर्च रु. ५००/-(विषयविज्ञलाई मात्र)
- परीक्षाको कार्यमा खटिने केन्द्राध्यक्षलाई रु. १,०००- निरीक्षक रु ६०० र सहयोगी कर्मचारी रु ५०० उपलब्ध गराइने छ।
- परीक्षा सञ्चालनको लागि संलग्न पदाधिकारीहरूलाई आवश्यकताअनुसार खाना र खाजाको व्यवस्था गरिने छ ।
- शिक्षक छनौट प्रयोजनका लागि आवश्यक खर्चको व्यवस्थापन बर्दघाट नगरपालिकाले गर्ने छ । सोका लागि विद्यालयले आवश्यक कागजातसहित नगरपालिकामा सोधभर्ना माग्नुपर्ने छ । दुई वा सोभन्दा बढी विद्यालयको परीक्षा एकै दिन भएमा सोधभर्ना रकम उपलब्ध गराउनका लागि कुनै एक विद्यालयलाई शिक्षा शाखाले तोक्न सक्ने छ ।

## परिच्छेद ४

## विविध

### ४.१ अनुगमन :

छनौट परीक्षा लगायतका कामकारबाहीको नियमित अनुगमन नगर प्रमुख, उपप्रमुख प्रमुख, प्रशासकीय अधिकृत र सामाजिक विकास समितिको संयोजकबाट हुने छ ।

अनुगमनमा सम्लग्न पदाधिकारीहरुको पारिश्रमिक दैनिक रु. १,०००/- हुने छ।

### ४.१ बचाउ र संरक्षण :

(क) यस कार्यविधिबमोजिम नियुक्त हुने र यस अघि नगरपालिकाबाट लिइएका शिक्षण छनौटसम्बन्धी परीक्षाबाट छनौट भई नियुक्ति पाई कामकाज गरिरहेका शिक्षकहरूको अभिलेखीकरण शिक्षा शाखाले गर्ने छ ।

(ख) यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा उत्पन्न भएमा नगर कार्यपालिकाले प्रष्ट पार्ने छ ।

(ग) यस कार्यविधिसँग सङ्घीय तथा लुम्बिनी प्रदेशको कानुन बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ । लुम्बिनी प्रदेश सरकारले स्थानीय तहको शिक्षक तथा विद्यालय कर्मचारीको पदपूर्ति सम्बन्धी कानुन बनाएमा सोही बमोजिम हुने छ ।

आज्ञाले,
(कृष्णप्रसाद सापकोटा)
प्रमुख प्रशासकीय अधिकृत